# माादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

प.सं. : २०८१/०८२

मितिः २०८२/०३/०१

च.नं. : १६७०

इन्जिनियर (सातौं) श्री उदय बास्तोला,

मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

थुमाकोडाँडा, कास्की ।

**विषयः कार्य जिम्मेवारी तोकिएको सम्बन्धमा ।**

उपर्युक्त विषयमा यस गाउँ कार्यपालिकाको कार्यालयमा इन्जिनियर (सातौं) पदमा कार्यरत तपाईलाई मादी गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १९ को उपनियम १ बमोजिम सोही नियमको उपनियम ३ को अधीनमा रहने गरी मिति २०८२/०३/०१ को निर्णयानुसार करार सेवामा कार्यरत इन्जिनियर श्री चित्र प्रसाद पौडेल चालु आ.व. २०८१/०८२ को २०८२/०१/०१ गतेदेखि नै सेवाबाट आफूखुसी हटी अनुपस्थित भएकोले २०८२/०१/०२ गतेदेखि अर्को व्यवस्था नभएसम्म यस मादी गाउँपालिकाको वडा नं. १ देखि वडा नं. १२ सम्मै बोलपत्र (E-Bidding/Hard Copy Bidding/Tendering), शीलबन्दी दरभाउपत्र (Sealed Quatation), सोझै खरिद (Quatation) लगायत उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका र हुने सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सम्बन्धित वडा कार्यालयहरुमा कार्यरत असिस्टेन्ट सव-इन्जिनियर, सव-इन्जिनियरहरुबाट तयार (Prepared By) तथा चेकजाँच (Checked By) भई सिफारिस (Recommend) भएका सर्भे, ल.इ., नापी किताब (Measurement Book), कार्य सम्पन्न प्रतिवेदन (Work Completion Report) लगायत सम्पूर्ण प्राविधिक बिल भरपाइ स्वीकृत गरी साइट सुपरभिजन, गुणस्तर निर्धारण तथा नियन्त्रण र अनुगमन मूल्याङ्कन पश्चात प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु हुन यो कार्य जिम्मेवारी तोकिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० र निजामती कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ लगायत नेपालको अन्य प्रचलित कानुन बमोजिम उक्त पदीय कार्य जिम्मेवारी पूरा गर्नु गराउनु हुन समेत अनुरोध छ ।

२०८२/०३/०१

धनेन्द्र भुजेल

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री वडा नं. १ देखि १२ नं. वडा कार्यालयहरु, (सबै), मादी गाउँपालिका, कास्की ।

श्री प्रशासन शाखा, मादी गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की ।

श्री योजना शाखा, मादी गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की ।

श्री आर्थिक प्रशासन शाखा, मादी गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की ।